टेलिकम कम्पनीको आम्दानी घट्दो

■ सौर्य समाचार

काठमाडौं । पछिल्ला ७ वर्षमा टेलिकम सेवाप्रदायक कम्पनीको आम्दानी करिब २८ प्रतिशतले घटेको छ। नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार २ टेलिकम सेवाप्रदायकको आम्दानी आर्थिक वर्ष २०७४/०७५ मा ९८ अर्ब ७१ करोड रुपैयाँ आम्दानी गरेकामा गत आवमा घटेर ७१ अर्ब २१ करोड रुपैयाँमा सीमित भएको छ। यो भिन्नर ओझेलो लागिरहेको छ। टेलिकमको घट्दो आम्दानीको असर नाफामा देखिएको छमने नाफा खुम्चिंदा कम्पनीहरूले गर्ने लगानीमा पनि त्यसको असर परेको छ। टेलिकम क्षेत्रका जानकारहरू पछिल्ला वर्षमा आम्दानीको स्रोत बढाउन नसक्दा टेलिकम क्षेत्र संकटोन्मुख भएको दाबी गर्छन्। तत्काल नीतिगत सुधार नगर्ने हो भने यो क्षेत्र समस्यामा पर्ने जानकारहरूको बुझाइ छ। आम्दानी र नाफामा देखिएको संकुचनका कारण 'खाभजी'लगायतका पूर्वाधारमा आवश्यक लगानी हुन नसकेको कतिपयको तर्क छ।

नेपाल दूरसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष भेषराज कँडेलले दूरसञ्चार सेवालाई अत्यावश्यक सेवाका रूपमा लिनुपर्ने अवस्था रहे पनि नेपालमा भने विलासितापूर्ण वस्तुमा जस्तै कर लगाइएको बताए। उनका अनुसार हाल दूरसञ्चार कम्पनीमाथि विभिन्न शीर्षकमा कर लगाइएको छ। हाल टेलिकम कम्पनीले कर्पोरेट कर ३० प्रतिशत बुझाउनुपर्छ, जबकि अन्य क्षेत्रलाई यस्तो कर २५ प्रतिशत मात्रै छ। त्यसैले दूरसञ्चार क्षेत्रमा लगाइएको करमा पुनरवलोकन गर्न आवश्यक भएको कँडेलको बुझाइ छ। नेपाल टेलिकमका अनुसार कम्पनीको आम्दानी लगातार ओझेलो लाग्नुमा नीतिगत समस्या, 'अोटिटी'को प्रयोग र चर्को नवीकरण शुल्क हो। त्यसबाहेक पनि नाफा कम हुनाका कारण भने चर्को कर पनि भएको टेलिकमको भनाइ छ। टेलिकमका अनुसार कम्पनीले आव २०८१/०८२ मा ३८ अर्ब ७३ करोड रुपैयाँमध्ये नाफा जम्मा २ अर्ब ९६ करोड रुपैयाँ छ। अघिल्लो आवमा कम्पनीले ५ अर्ब २३ करोड नाफा आर्जन गरेको थियो। कम्पनीको नाफा संकुचन हुनुमा आम्दानीको ठूलो हिस्सा 'जिएसएम' अनुमतिपत्र नवीकरणका लागि खर्च भएको थियो। कम्पनीले गत आवमा २० अर्ब रुपैयाँ नवीकरणमा खर्च गरेको थियो, भने त्यसबाहेक विभिन्न शीर्षकका करमा बुझाउनुपर्ने नाफामा उल्लेख्य कमी आएको हो।

टेलिकम सेवाप्रदायक एसेलका अनुसार टेलिकम क्षेत्र अधिक कर तिर्नैमा पर्छ। केही समयअघि एसेलका पूर्वमुख्य कार्यकारी अधिकृत जाम्बोर कापुमोले टेलिकम कम्पनीले ठूलो हिस्सा कर र शुल्कका नामका सरकारलाई बुझाउनुपर्दा नाफामा असर परेको बताएका थिए। उनका अनुसार नेपालका टेलिकम सेवाप्रदायकले औसतमा आम्दानीको ५० देखि ६० प्रतिशतसम्म सरकारलाई कर र शुल्कका रूपमा तिरिरहेका छन्।

करको यो अनुपात तुलनात्मक रूपमा अन्य देशको तुलनामा उच्च हो। त्यति मात्रै होइन, नेपालको कुल गार्हस्थ उत्पादन (जिडिपी)मा टेलिकम क्षेत्रको योगदान पनि घट्दै गएको छ। हाल जिडिपीमा टेलिकम क्षेत्रको हिस्सा १.२ प्रतिशत मात्र छ। यो कुल राजस्वको ३.४ प्रतिशत हिस्सा हो। एसेलका अनुसार टेलिकम कम्पनीले हाल सुनौं र माथिरा उद्योगको तुलनामा ३ गुणा राजस्वमा योगदान गरिरहेका छन्। यस्तै, एसेलले आव २०८१/०८२ मा ३२ अर्ब ४८ करोड रुपैयाँ आम्दानी गरेको थियो, जसमध्ये कर तथा डिभिन्न १३ शीर्षकमा १५ अर्ब ९८ करोड रुपैयाँ सरकारलाई बुझाएको छ। यो शुल्क आम्दानीको ५२ प्रतिशत बराबर हो।

एसेलले आफ्ना विवरणमा उल्लेख गरेको छ, 'घट्दो आम्दानी र चर्को शुल्कका कारण हामीले अपेक्षाकृत रूपमा धेरै लगानी गर्न नचाएको अवस्था छ। हामीले नयाँ कन्न लाग्नेको दूरसञ्चार ऐनको मस्यौदामा पनि करका शीर्षक र दर पुनरवलोकनका लागि सुझाव दिएका छौं, टेलिकम क्षेत्रमा लगाइएको करको दर नघटाउने हो भने टिक्न गाह्रो हुने अवस्था छ।' एसेलले गत आवमा मात्रै जिएसएम लाइसेन्स, आइएसपी लाइसेन्स, टिएसपी, अोटी, नेट भ्याट पेमेन्ट अन सेल्स, भन्सार शुल्क, टिडिएस, एडभान्स कर, रोयल्टी, अपरटिडिएस, डिक्लेम्सी शुल्क, सम्पर्कसेवा तथा अन्य शीर्षकमा करिब १७ अर्ब रुपैयाँ बुझाइसकेको जनाएको छ।

नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार आव २०८०/०८१ मा टेलिकम कम्पनीहरूले ९८.५ अर्ब आम्दानी गरेका थिए भने ३७.७ अर्ब कर र शुल्कका रूपमा सरकारलाई बुझाएका थिए। हाल टेलिकम कम्पनीहरूले आम्दानीबाट १३ प्रतिशत मूल्य अभिवृद्धि करसँगै १० प्रतिशत टेलिकम सेवा शुल्क, ४ प्रतिशत रोयल्टी, २ प्रतिशत छामोन टेलिकम विकास कोष, २ प्रतिशत स्वामित्व कर (सिम कार्ड तथा ल्यान्डलाइनमा) र विभिन्न शुल्क तथा अग्रिम कर तिर्दै आएका छन्।

अन्तर्राष्ट्रिय अभ्यास हेर्दा एसिया-प्यासिफिकका १० देशहरूको तुलनामा नेपालले सबैभन्दा उच्च कर दर अपनाएको जानकारहरू बताउँछन्। चीनमा टेलिकम कम्पनीले ६ प्रतिशत भ्याट र २५ प्रतिशत कम्पनी कर बुझाइनुपर्ने भने भारतमा १८ प्रतिशत जिएसटी र २५ प्रतिशत कम्पनी कर, थाइल्यान्डमा ७ प्रतिशत भ्याट र २० प्रतिशत कम्पनी करको प्रावधान छ।

जिएसएमए मोबाइल कनेक्टस इन्डेक्स, २०२३ अनुसार नेपाल ११९औं स्थानमा छ। विश्व बैंक र अन्तर्राष्ट्रिय दूरसञ्चार संघका अध्ययनमा पनि बाह्रथान्द पछिमा होक १० प्रतिशत वृद्धि हुँदा देशको आर्थिक वृद्धिदर १.३ प्रतिशतले बढ्ने उल्लेख छ। हाल टेलिकम कम्पनीबाट लिईदै आएको १० प्रतिशत टेलिकम सेवा शुल्क, २ प्रतिशत स्वामित्व कर, ४ प्रतिशत रोयल्टी र २ प्रतिशत छामोन टेलिकम विकास कोष जस्ता क्षेत्र-विशेष करहरू पूर्ण रूपमा हटाउन आवश्यक भएको सम्बन्ध पक्षको भनाइ छ। यस्तै, हाल ३० प्रतिशत रहेको कर्पोरेट कर दर घटाएर २५ प्रतिशतमा भर्ने र ५ वर्षका लागि २० अर्ब रुपैयाँ रहेको लाइसेन्स शुल्कलाई कम्पनीको वार्षिक आम्दानीको ८ प्रतिशतमा सीमित गर्नेका लागि नेपाल टेलिकमले दूरसञ्चारको ऐनको मस्यौदामा सुझावसमेत दिएका जनाइएको छ।

देशभरका करदाता सेवा कार्यालय खारेज

■ सौर्य समाचार

काठमाडौं । अर्थ मन्त्रालय अन्तर्गतको आन्तरिक राजस्व विभागले देशभर रहेका ३९ वटा करदाता सेवा कार्यालय खारेज गरेको छ। करदाता सेवा कार्यालयबाट दिइने स्थायी लेखा नम्बर प्रमाणपत्र लगायतका सेवा स्थानीय तहबाट उपलब्ध गराइने भन्दै विभागले उक्त कार्यालयहरू खारेज गरेको हो।

खारेज गरिएका कुल ३९ वटा कार्यालयहरूमा ३६ वटा करदाता सेवा कार्यालयहरू समावेश छन्। यसका साथै, चितवनको खैरनीस्थित आन्तरिक राजस्वको एउटा कार्यालय र एउटा एमएलटिआरो टु पनि खारेज भएका छन्। उक्त कार्यालय खारेजबाँडि वार्षिक करिब २२ करोड रुपैयाँ खर्च कटौती हुने अनुमान गरिएको छ।

स्थानीय तहबाट ती सेवाहरू पूर्णरूपमा सुधार हुन केही समय लाग्न सक्ने भएकाले, विभागले वैकल्पिक व्यवस्था पनि गरेको जनाएको छ। ती सेवाहरू स्थानीय तहबाट सञ्चालन नहुँदासम्म सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेकिका) मार्फत उपलब्ध गराइने व्यवस्था गरिएको छ। साथै, कर भुक्तानी र कर चुक्ता प्रमाणपत्रजस्ता महत्वपूर्ण तथा धेरै मात्र हुने सेवा भने अहिले पनि अनलाइन प्रणालीमार्फत प्राप्त गर्न सकिने व्यवस्था कार्यान्वयनमा रहेको विभागले स्पष्ट पारेको छ।

अर्थ मन्त्रालयले यो संगठन तथा व्यवस्थापन सर्वेक्षणसम्बन्धी प्रस्ताव क्याबिनेटमा लगेको थियो। उक्त प्रस्तावलाई गएको सोमबार मन्त्रिपरिषदले स्वीकृति दिएको थियो।

गौरीशंकर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुरी, दोलखा

विद्युतिय खरिद प्रक्रिया मार्फत बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रकाशित मिति २०८२/०७/२१

तपसिलमा उल्लेखित कार्यहरु विद्युतिय खरिद प्रक्रिया मार्फत बोलपत्र आह्वान गरी सडक स्तरउन्नती गर्नुपर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुलाई मिति २०८२/०८/२१ गते दिनको १२: ०० सम्म सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.bolpatra.gov.np/egp मार्फत खरिद प्रकृयामा सहभागी हुन यो बोलपत्र आव्हान गरिएको छ।थप जानकारीको लागि PPMO website मा हेर्नुहुन अनुरोध छ।

ठेक्का नं.	कामको विवरण	लागत अनुमान रु (मु.अ.कर, PS रकम सहित र कन्टिजेन्सी बाहेक)	बोलपत्र जमानत रकम (रु)	बोलपत्र दस्तुर (रु)
05/GRM/NCB/ Works/R/2082-83	पिखुति महतारा नाकुसे गर्दिङ्ग सडक बडा नं. ३, झ्याकु, दोलखा।	१,०१,१२,११७।४१	२,६०,०००।००	३,०००।००
06/GRM/NCB/ Works/R/2082-83	जगतफेदी टासीनाम समिगिउँ बेदङि सडक वडा नं. ९, गौरीशंकर, दोलखा।	१,९४,८५,१३०।३३	५,००,०००।००	३,०००।००

प्रमुख प्रशासकीय अधिकृत

मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काठ्ठे
बागमती प्रदेश, नेपाल ।

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना ।

(प्रकाशित मिति : २०८२/०७/२१)

यस कार्यालयबाट प्रकाशित निम्न बोलपत्र (ठेक्का) सम्बन्धि सूचना र तत्पश्चात रीतपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा देहायका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव स्वीकृत भई निम्न मिति र समयमा यस कार्यलयमा आर्थिक प्रस्ताव खोलिने भएकोले सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१(ज) उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

Project Title: Fedi-Timalsinagaun-Dandagaun-Judigaun Chhineko Paheroo Sadak
Contract No:01/Works/NCB/MDM/82/83

क.स.	प्राविधिक प्रस्ताव स्वीकृत भएका बोलपत्रदाताको नाम/ठेगाना
1	Khandadevi/Rcon J.V
2	Amarjyoti Construction Pvt. Ltd, Panauti-3, Kavre
3	RP Construction Tatha Suppliers Pvt. Ltd, Pokharichauri-2, Kavre
4	SALIN-ARON-SIPALI JOINT VENTURE, Kathmandu

Project Title: Fedi-Chandeni-Haldechhap Sadak Wada No. 11
Contract No:02/Works/NCB/MDM/82/83

क.स.	प्राविधिक प्रस्ताव स्वीकृत भएका बोलपत्रदाताको नाम/ठेगाना
1	Himalyan Cross Road, Pokhari Naryansthan, Kavre
2	Amarjyoti Construction Pvt. Ltd, Panauti, Kavre
3	SALIN-ARON-SIPALI JOINT VENTURE, Kathmandu
4	SUVARAMVA-MAHAVIR JV, Panchkhal Municipality
5	R.P/Hyulla/Kavre-JV, Kavre
6	JYANG CHHYUP-PRO-MONALISHA J.V, Kavre
7	RAHUL/LAKHEY/DNO, Kavre
8	MANSA/BISHWOJYOTI J.V

Project Title: Tyankidanda Mane Kashibhyanjyang-Nala Sadak Ward no.3
Contract No:03/Works/NCB/MDM/082/83

क.स.	प्राविधिक प्रस्ताव स्वीकृत भएका बोलपत्रदाताको नाम/ठेगाना
1	Bhandari Builders Pvt. Ltd, Lokanthali, Bhaktapur
2	RAHUL/RAJ JV, Kavre
3	SUVARAMVA-MAHAVIR JV, Panchkhal Municipality-4
4	MANSA/BISHWOJYOTI J.V
5	PRO VISION-MONALISA-GAUTAM JV

आर्थिक प्रस्ताव खोल्ने मिति, समय र स्थान

मिति : २०८२/०७/२८ गते शुक्रबार

समय : दिनको १.०० बजे

स्थान : मण्डनदेउपुर नगर कार्यपालिकाको कार्यालय, महादेवस्थान ।

प्रमुख प्रशासकीय अधिकृत

Urlabari Municipality
Office of Municipal Executive
Urlabari, Morang
Koshi Province, Nepal

Invitation of Electronic Bids

Date of Publication: 2082/07/21 (7th of November 2025)

1. The Urlabari Municipality office, invites electronic bids from Nepalese eligible bidders for the following works under Sealed Quotation procedure:

Details of Works

S.No.	Contract Id No.	Name of Project work	Cost Estimate (NRs) with VAT	Bid security Amount (NRs.)	Fee for Bid Document (NRs)
1	URL-Bldng-Ward4-W-SQ-01-082/83	"Construction of Building of Shree Somnath Shiva Mandir Samudayek Bhawan, ward 4 "	11,53,300.00/-	26,000.00/-	1,000.00/-

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

Khaptadchhanna Rural Municipality
Office of Rural Municipal Executives
Pasalbagar, Bajhang
Sudurpaschim Province Nepal

Invitation for Bids

Date of publication:2082/07/21(Nov- 07-2025)

1. Khaptadchhanna Rural Municipality, office of Rural Municipal Executive invites electronic bids from Nepalese eligible bidders for the Procurement of Works of following work under National Competitive Bidding procedures.

SN	IFB Number	Description of Works	Estimated Amount Including VAT P.S. and Contingency	Bid Security Amount (NRS)	Bid Security Period (Days from Date of Bid opening)	Cost of Bidding Document (NRS)
1	KCRM/NCB/ WORKS/ 2082/083-02	Construction of Ghattebagar, Dhanrasi, Dhuwagaht Irrigation Canal	29,97,093.55	72,000	120 days	3,000

2. Bidder submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp.Bidders, submitting their bid electronically.
3. Electronic bids must be submitted to the office Khaptad Chhanna Rural Municipality, Chhanna, Bajhang through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 noon on 07-Dec-2025(2082/08/21). Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 pm 07-Dec-2025(2082/08/21) at the office of Khaptad Chhanna Rural Municipality, Chhanna, Bajhang. For more Detail Eligible Bidders visit the site of www.bolpatra.gov.np./egp. Purchaser reserves the right to accept or reject the Project.

Chief Administrative Officer